**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs.　　　　Date: 12.09.2025

## उपराष्ट्रपति- शपथ

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आयोजित शपथ ग्रहण समारोहमा श्री सी.पी राधाकृष्णनलाई भारतको उपराष्ट्रपति पदको शपथ ग्रहण गराउनुभयो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी, पूर्व राष्ट्रपति रामनाथ कोविन्द, पूर्व उपराष्ट्रपति जगदीप धनखढ प अमित शाह, राजनाथ सिंह, जे.पी नड्डा, पीयूष गोयल अनि नितिन गडकरी लगायत कैयन केन्द्रिय मन्त्रीहरू उपस्थित थिए।

## मुख्यमन्त्री बधाई- उपराष्ट्रपति

भारतको 15औं उपराष्ट्रपतिको रूपमा शपथ ग्रहण गर्नुभएकोमा श्री सि.पी राधाकृष्णनलाई सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले हार्दिक बधाई दिनुभएको छ।

सिक्किमका जनता र सरकारको तर्फबाट श्री राधाकृष्णनको सफल कार्यकालका लागि श्री तामाङले हार्दिक शुभकामना व्यक्त गर्नुभयो।

## सिक्किम पर्यटन सम्मेलन

सिक्किमले आफ्नो पर्यटन गतिविधिलाई थप व्यापकता दिने उद्देश्यले गान्तोक र उत्तरी सिक्किम जस्ता परम्परागत गन्तव्यहरूबाट सोरेङ र दिक्षिण अनि पश्चिम सिक्किमका अन्य भागहरू जस्ता कम पर्यटकीय अन्वेषण भएका क्षेत्रहरूलाई बढ़वा दिइने काम गरिरहेको छ। यसको मुख्य कारण सिक्किमका अन्य भागहरूलाई पनि पर्यटन सित जोड़नु रहेको छ। हाम्रा सम्वाददाताले भनेका छन्.... बाइट।

यस दृष्टिकोणलाई सार्थकता दिन पर्यटन विभागले पूर्वी हिमालय ट्राभल एण्ड टुर अपरेटर एसोसिएसन (EHTTOA) को सहकार्यमा आज र भोली गान्तोकमा तेस्रो कञ्चनजङ्घा अन्तर्राष्ट्रिय पर्यटन सम्मेलन आयोजनागरिरहेकोछ। यस कन्क्लेभले 100 भन्दा बढी ट्राभल एजेन्टहरू लगायत 250 भन्दा बढ़ी हितधारकहरूलाई एकै मञ्चमा ल्याएको छ। स्थानीय हितधारकहरूका लागि सहभागिता निःशुल्क रहेको भए तापनि नेपाल, भुटान र बङ्गलादेशका प्रतिनिधिहरूले यस सम्मेलनमा सहभागिता जनाइरहेका छन्। तथापी, नेपालको वर्तमान

राजनीतिक गतिरोधका कारण भने जस्तो सहभागिता हुन नसकेको बताइएको छ। यस कार्यक्रमले याङगाङ, तिमी, नामथाङ र रावङ्ला जस्ता उदीयमान पर्यटकीय गन्तव्यहरूलाई विशेष महत्व दिएको छ भने ग्रामीण चाड़पर्वहरू र सिक्किमको समृद्ध सांस्कृतिक विरासतलाई पनि पर्यटन सित जोड़ेर लाने योजना रहेकोछ। पर्यटन विभागका अतिरिक्त मुख्य सचिव सि.एस रावले गेजिङ जिल्लाको सुदुर ईलाका उत्तरेमा हालैको ग्रामीण पर्यटन महोत्सव सफलतालाई उद्धृत गर्दै सरकारले प्राकृतिक तर दुर्गम क्षेत्रहरूमा 'पर्यटकहरूको आगमनलाई पुनः व्यवस्थित' गर्न प्रयास गरिरहेको बताए।

## पहियो – मुख्यमन्त्री आश्वासन

पश्चिम सिक्किमको याङथाङ निर्वाचन क्षेत्र अन्तर्गत माथिल्लो रिम्बीमा हिजो बेलुकी विनाशकारी पहिरो गएकोछ। गेजिङका एस.पी छिरीङ शेर्पाका अनुसार पहिरो जाँदा चार जनाको घटनास्थलमै मृत्यु भएकोछ तीन जना बेपत्ता भएका छन् र दुई जना घाईते भएका छन्।तीन जना बेपत्ता भएका छन् र दुई जनालाई जीवित नै उद्धार गरिएको छ।

मुख्यमन्त्री श्री प्रेम सिंह तामाङ जिल्ला प्रशासनसँग निरन्तर सम्पर्कमा रहनुभएको छ र स्थितिमाथि नजिकबाट निगरानी राखिरहनुभएकोछ। मुख्यमन्त्रीले प्रभावित परिवारहरूलाई आवश्यक पर्ने सबै सहयोग पुर्याउन निर्देशन दिनुभएको छ र उद्धार तथा राहत कार्यलाई अत्यन्तै तीव्रताका साथ जारी राख्ने कुराको आश्वासन पनि दिनुभएकोछ।

## पाकिम MBPCL

एडीसी पाकिम –श्री सांगे ग्यात्सो भुटाको नेतृत्वमा रहेको पाकिम जिल्लाको जिल्ला स्तरीय अनुगमन समितिले आज मध्य भारत पावर कर्पोरेशन लिमिटेड (MBPCL) रम्फूमा आफ्नो द्विमासिक निरीक्षण गर्यो।

यो बैठकको उद्देश्य चलिरहेको सञ्चालनको मूल्याङ्कन गर्नु क्षेत्रमा सुरक्षा प्रोटोकल र नियमहरूको पालना सुनिश्चित गर्नु र सुरक्षित कार्य वातावरण प्रवर्द्धन गर्नु थियो।

## प्रधानमन्त्री भ्रमण

प्रधानमन्त्री मोदीले भोलिदेखि 15 सेप्टेम्बरसम्म मिजोराम, मणिपूर, असम पश्चिम बंगाल र बिहारको भ्रमण गर्ने कार्यक्रम छ।